**नेपाली** / ***NEPALI***

हाम्रो क्याम्पस समुदायलाई,

पूर्वी र दक्षिणपूर्व एसियाको कोरोना भाइरसको प्रकोप सम्बन्धित विषयलाई युनिभर्सिटीले कसरी सम्बोधन गरिरहेको छ भन्ने कुरा म तपाईंहरूलाई बताउन चाहन्छु। ***Wisconsin* मा कोरोना भाइरसको कुनै पुष्टि भएका घटनाहरू छैनन्।** मलाई आशा छ कि यो सन्देशले तपाईंका प्रश्नहरूलाई सम्बोधन गर्नेछ र चिन्ताहरूलाई हटाउनेछ।

**कोरोना भाइरसको के हो ?**

कोरोना भाइरसहरू एउटा भाइरसको समूह हो जुन नजिकको व्यक्तिगत सम्पर्कबाट, खोकी/हाच्छिउँबाट, र कोरोना भाइरस रहेका सतहहरू छोएर आफ्नो मुख, नाक, वा आँखा छोएमा सङ्क्रमण हुन र मानिसहरू बीच फैलन सक्छन्। कोरोना भाइरस नियमित रूपमा फैलिँदछन् र प्रत्येक बर्ष रुघा र फ्लू-जस्ता बिमारीहरूका कारण बन्दछन्। सामान्यतया यी बिमारीहरू छोटो अवधिका लागि रहँदछन्। कहिलेकाँही, नयाँ किसिमहरू व्यापक हुन सक्दछन्।

**युनिभर्सिटीले के गरिरहेको छ ?**

युनिभर्सिटी स्वास्थ्य सेवा *(UHS)* ले *UW Health* र हाम्रो राज्य र *county* को जनस्वास्थ्य पार्टनरहरूसँग मिलेर अवस्थाको निगरानी गरिरहेको छ। *UHS* प्राथमिक स्वास्थ्य *(Primary Care)* क्लिनिकले बिरामीहरू गत तीन हप्तामा यात्रा गरेका छन् कि छैनन् र यदि छन् भने, गत दुई हप्तामा उनीहरू प्रभावित क्षेत्रमा यात्रा गरे कि गरेनन् भनेर जाँच गरिरहेको छ। यदि कुनै विद्यार्थीसँग कोरोना भाइरस छ भनेर जाँच गरियो भने, उनीहरूलाई अलग्गै राखिनेछ। *UW Health* ले आफ्नो बिरामीहरूका लागि पनि उस्तै विधि अपनाएका छन्।

**मैले के गर्न सक्दछु ?**

यदि तपाईंसँग इन्फ्लूएन्जा-जस्ता लक्षणहरू छन् र हालसालै पूर्वी एसिया वा दक्षिणपूर्व एसियामा यात्रा गर्नुभएको छ भने, CDC ले तपाईंलाई एक स्वास्थ्य सेवा प्रदायकबाट मूल्याङ्कन लिन सिफारिस गर्दछ। विद्यार्थीहरूले *UHS* सँग भेट्न सम्पर्क गर्न सक्दछन् (जुन तपाईंको विद्यार्थी स्वास्थ्य शुल्क वा *SHIP* भित्र समेटिएको छ)। संकाय र कर्मचारीले आफ्नो प्राथमिक स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्न सक्दछन्।

**गत दुई हप्तामा यदि तपाईं वुहान *(Wuhan)* जानुभएको छैन भने, तपाईंको जोखिम एकदम कम छ।** इन्फ्लूएन्जा नै *UW–Madison* समुदायका सदस्यहरूका लागि सबैभन्दा गम्भीर सार्वजनिक स्वास्थ्य चिन्ताको विषय रहेको छ। म सबैजनालाई यी कुराहरू गर्नका लागि जोड दिंदछु:

- पटक पटक साबुन र पानीले हात धुनुहोस्
- नधोएको हातले आँखा, नाक, र मुख नछुनुहोस्
- बिरामी मानिसहरूको नजिक नजानुहोस्
- बिरामी हुँदा घरमै बस्नुहोस्
- खोकी लाग्दा वा हाच्छिउँ आउँदा मुख छोप्नुहोस्, र आफ्नो कुहिनोमा खोक्नुहोस् वा हाच्छिउँ गर्नुहोस्

**जनस्वास्थ्य अधिकारीहरूले लक्षण बिनाका मानिसहरूले मास्क लगाउन आवश्यक नपर्ने सल्लाह दिँदछन्।** केही स्वस्थ व्यक्तिहरूले मास्क लगाउन रोज्न सक्नेछन्; यो चिन्ताको कारण हुनु हुँदैन।

यदि तपाईँ चीन भ्रमणको विचार गर्दै हुनुहुन्छ भने, कृपया *U.S. State Department* द्वारा यात्रीहरूको लागि जारी गरेको मार्गनिर्देशनको बारेमा सचेत रहनुहोला।

**म कसरी अपडेटमा रहनसक्नेछु ?**
थप जानकारी र अपडेटका लागि हाम्रो वेबसाईटमा जानुहोला। यदि तपाईँलाई थप केही गर्नका लागि कुनै आवश्यकता हुने भएमा, युनिभर्सिटीले ईमेल मार्फत तपाईँसँग सिधै कुराकानी गर्नेछ।

अन्त्यमा, म पूर्वी र दक्षिणपूर्व एसियाका वा व्यक्तिगत सम्बन्ध भएका हाम्रा *Badger* परिवारका सदस्यहरूका लागि समर्थन व्यक्त गर्न चाहन्छु। तपाईँहरू हाम्रो समुदायको महत्त्वपूर्ण सदस्य हुनुन्छ। म तपाईँलाई समर्थनको लागि यी साधनहरूमा सम्पर्क गर्न जोड दिँदछु:

- अन्तर्राष्ट्रिय विद्यार्थी सेवा *(International Student Services)*
- विद्यार्थी प्रमुखका कार्यालय *(Dean of Students Office)*
- *UHS* मानसिक स्वास्थ्य सेवा *(UHS Mental Health Services)*
- अन्तर्राष्ट्रिय संकाय र कर्मचारी सेवा *(International Faculty and Staff Services)*
- कर्मचारी सहायता कार्यालय *(Employee Assistance Office)*

Jake Baggott
कार्यकारी निर्देशक, युनिभर्सिटी स्वास्थ्य सेवा, र विद्यार्थी मामिला/स्वास्थ्य र भलाईका उपकुलपति